का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ फागुन २०८०,
सोमबार
19 February 2024,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# मेलम्ची आयोजनामा भ्रष्टाचार

## तीन पूर्वसचिवसहित १५ जनाविरुद्ध मुद्दा दायर

तीन पूर्वसचिव र तीनवटा कम्पनी अख्तियारको अनुसन्धानमा दोषि देखिएका छन् । पूर्वसचिवहरुमा सञ्जय शर्मा, भीम उपाध्याय र गजेन्द्र ठाकुर छन् । कम्पनीहरुमा एप्टिसा, बेट्स कन्सल्टिङ जेभी र सीएमसी डि रहेका छन् ।



"खानेपानी आयोजनामा भ्रष्टाचार भएको हाम्रो अनुसन्धानको निष्कर्ष छ । जसमा व्यक्ति र कम्पनीका फरक जिम्मेवारी पाइएकाले सोही अनुसार बिगो मागदाबी गरिएको छ ।

**नरहरि घिमिरे**
प्रवक्ता, अख्तियार



भिमप्रसाद उपाध्याय



गजेन्द्र ठाकुर



सञ्जय शर्मा

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

मेलम्ची खानेपानी परियोजना संचालनका क्रममा बिभिन्न व्यक्तिले भ्रष्टाचार गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानले देखाएको छ । यो आयोजनामा ७ अर्ब भ्रष्टाचार भएको अभियोगसहित १८ विरुद्ध अख्तियारले आइतबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

काठमाडौबासीलाई पानी खुवाउनका लागि २०५५ सालबाट मेलम्ची खानेपानी विकास समिति गठन गरेर खानोपानी आयोजनको काम सुरु गरिएको थियो । काठमाडौं उपत्यकामा खानेपानी ल्याउने परियोजनामा काम नै नगरी रकम भुक्तानी गरेको, भएको काममा बढी भुक्तानी गरिएको, ठेकेदारलाई लाभ हुनेगरी निर्णय गरिएको लगायतको कसुरमा भ्रष्टाचार मुद्दा दायर भएको हो ।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको देखिएकाले मुख्य कसुरदारलाई हुने सरह नै जरिवाना तथा विगो असुलीको मागदाबी गरिएको छ । उनी भन्छन्, 'खानेपानी आयोजनामा भ्रष्टाचार भएको हाम्रो अनुसन्धानको निष्कर्ष छ । जसमा व्यक्ति र कम्पनीका फरक जिम्मेवारी पाइएकाले साही अनसार बिगो मागदाबी गरिएको छ ।'

मुद्दा दायर भएकाहरुमा तीन पूर्वसचिव र तीनवटा कम्पनी छ । पूर्वसचिवहरुमा सञ्जय शर्मा, भीम उपाध्याय र गजेन्द्र ठाकुर छन् । मेलम्ची खानेपानी आयोजनाका तीन जना कार्यकारी निर्देशक, तीन जना बोर्ड सदस्य र कर्मचारी, ठेकेदार र परामर्शदाता समेत अख्तियारको छानबिनमा दोषी देखिएका छन् ।

खानेपानी मन्त्रालयको सचिवको जिम्मेवारीमा रहँदा मेलम्ची खानेपानी विकास समितिका बोर्ड अध्यक्षको भूमिकामा हुने भएकाले पूर्वसचिव शर्मा, उपाध्याय र ठाकुरविरुद्ध भ्रष्टाचार मुद्दा लागेको हो । भ्रष्टाचार मुद्दा लाग्ने अन्यमा अर्थ

>>> पृष्ठ २ मा



## अध्यागमन विभाग प्रमुखमाथि नैतिक दबाब

भ्रष्टाचारको मुद्दा दायर भएपछि अध्यागमन विभागका महानिर्देशक रुद्रसिंह तामाङ नैतिक दबाबमा परेका छन् ।

मेलम्ची खानेपानी आयोजनामा इटालियन ठेकेदार सीएमसीलाई डि रेभेनालाई मेलम्ची खानेपानी आयोगजनामा अनुचित ढंगले बढी रकम भुक्तानी गरेर भ्रष्टाचार गरेको अभियोग तामाङमाथि लागेको छ । यही अभियोगमा

>>> पृष्ठ २ मा

# अविश्वास राख्दै विश्वासको मत

तेस्रो पटक विश्वासको मत पाउँदै गर्दा मधेशका मुख्यमन्त्री सरोजकुमार यादव प्रफुल्ल थिएनन् । किनकि विश्वासको मत दिनु अगाडि सत्तारुढ दलहरुले सदनमै अविश्वासको स्वर चर्को रुपमा रेकर्ड गराएका थिए ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत पाएका छन् । ४ मंसिर २०७९ मा भएको चुनावपछि यादवको नेतृत्वमा सरकार बनेको थियो । सरकार बनेको एक वर्ष केही महिनाकोबीचमा गठबन्धन हेरफेर र सरकारमा सामेल दलनै बाहिरिएपछि उनले तेस्रोपटक विश्वासको मत लिनुपर्ने अवस्था बनेको थियो ।

तेस्रो पटक विश्वासको मत पाउँदै गर्दा मधेशका मुख्यमन्त्री सरोजकुमार यादव प्रफुल्ल थिएनन् । किनकी, विश्वासको मत दिनु अगाडि सत्तारुढ दलहरुले सदनमै



अविश्वासको स्वर चर्को रुपमा रेकर्ड गराएका थिए ।

मुख्यमन्त्री यादवले आइतबार प्रदेशसभामा विश्वासको मत मागेपछि धारणा राख्ने क्रममा माओवादी केन्द्रका संसदीय दलका नेता भरतप्रसाद साहले सरकारको आलोचना गरेका थिए । सरकारको गति सुस्त भएको र मुख्यमन्त्रीले सल्लाह र सहकार्य नगरेको उनले बताए । उनले सरकार समन्वय सहकार्य नगर्दा सप्तरीको राजविराजमा कृषि विश्वविद्यालयको भवन शिलान्यासको विषयमा विवाद भएको बताए ।

'सरकार प्रमुखले गठबन्धन, सर्वदलीय बैठक गर्नुभएन । गठबन्धनको बैठक वा सर्वदलीय बैठक पूर्वमा भएको भए राजविराज घटना हुने थिएन' नेता साहले भनेका छन्, 'सरकारले हामीलाई किन सम्झेन, किन सहकार्य गरेन त्यस विषयमा गम्भीर हुन आग्रह गर्न चाहन्छु ।'

नेता साहले सरकार जनता समाजवादी पार्टीको जस्तो मात्र देखिएको टिप्पणी पनि गरे । 'कहिलेकाही यो जसपाको सरकार मात्रै हो कि, कहिलेकाहीँ सरकारको ब्यानरमा जसपा मात्रै देखिन्छ । यो कुराहरु सच्याउन आवश्यक देखिन्छ', उनले भने ।

शनिबार भएको सत्ता गठबन्धनको बैठकमा मुख्यमन्त्रीले आफूहरुले उठाएको कुरालाई गम्भीरतापूर्वक लिएको र विगतको कमजोरी सच्याउने प्रतिवद्धता जनाएको भन्दै साहले विश्वासको मत दिने पनि बताए । 'अब सरकार नयाँ सिराबाट अघि बढ्छ भन्ने विश्वास छ ।

>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगार ठगीका घटनामा अत्यधिक वृद्धि, जिल्लास्तरमै करोडौंको ठगी


**खोटाङ/रासस-** जिल्ला प्रहरी कार्यालय खोटाङले बैंकिङ कसुर तथा वैदेशिक रोजगारसम्बन्धी ठगी गर्ने व्यक्तिलाई पक्राउ गर्न थालेको छ । विभिन्न समयमा विविध बहाना बनाएर लिएको रकम नतिर्ने तथा विदेश पठाइदिन्छु भन्दै रकम लिएर विदेश नपठाउने व्यक्तिलाई प्रहरीले पक्राउ गर्न थालेको हो ।

बैंकिङ कसुर तथा वैदेशिक रोजगारसम्बन्धी ठगी मुद्दाका पीडक पक्राउ अभियान शुरु गरिएको महिनादिनमै सात जना पक्राउ परेको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायब उपरीक्षक पुरुषोत्तम खड्काले जानकारी दिए । 'पीडितले दिएको जाहेरीको आधारमा आरोपितलाई विभिन्न ठाउँबाट पक्राउ गरेर कारबाहीको प्रक्रिया अगाडि बढाएका छौं । उनीहरुले पीडितबाट एक लाख २५ हजारदेखि रु ३५ लाख २५ हजारसम्म ठगी गरेको पाइएको छ,' उनले भने, 'पक्राउ परेकामध्ये केहीले सम्बन्धित व्यक्तिलाई आफूले लिएको पैसाको साँवा/ब्याज फिर्ता गरेका छन् । फिर्ता गर्न नसकेकालाई पुर्पक्षका लागि जिल्ला कारागार पठाउनेछौं ।'

गत पुस १७ गतेदेखि माघ मसान्तसम्ममा विभिन्न ठाउँबाट पक्राउ परेका आरोपितलाई जिल्ला अदालतबाट म्याद

>>> पृष्ठ २ मा

## साउदी संयोजक पौडेललाई मञ्चको सम्मान



**काठमाडौं/मस-** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले साउदी आईडीलगायतका समस्या समाधानका लागि महत्वपूर्ण भूमिका खेलेको भन्दै नेपाली वैदेशिक रोजगार व्यवसायी संघका साउदी संयोजक वैकुण्ठ पौडेल 'वैभव'लाई सम्मान गरेको छ । मञ्चको कार्यालय पिंगलास्थानमा आइतबार एक संक्षिप्त कार्यक्रम गरी पौडेललाई सम्मान गरेको हो ।

मञ्चका अध्यक्ष जनक रावलले संघ कार्यसमितिमा रहेर पदीय दायित्वलाई कर्तव्य ठानी संघको गरिमा वृद्धिमा

>>> पृष्ठ २ मा


# VACANCY
ANNOUNCEMENT

A Reputed recruitment agency is looking for the following positions:

**Documentation - 1 Female**

Job responsibilities Fluent english, Mail corresponding, photoshop, excel. 2/3 years Experienced in any organization. We will hire the qualified candidates who meets our above criteria.

**Salary Negotiable**

Please send your CV: globalnepal@yahoo.com
9803569272, 9803569268, 9803569273

**Global Welfare Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1320/074/075
Samakhusi-26, Kathmandu, Tel: 4970357



## FREE VISA, FREE TICKET, FREE RECRUITMENT
## फ्रि भिसा, फ्रि टिकट, नि:शुल्क भर्ती

Free Visa, Free Ticket, Free Processing, No Service Charge, No Cash Deposit, No Salary Deduction, No Sub Agent, No Mediator.
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधीत ।

(Company Name) : **EMIRATES FLIGHT CATERING CO. L.L.C. UAE**
रोजगारदाता कम्पनी : एमिरेटस् फ्याइट क्याटेरिङ को. एल.एल.सी. यु.ए.ई.

Emirates Flight Catering

| पूर्व स्वीकृत मितिः २०८०/११/०६ | चलानी नं.: ६०२१५१४० | एल टी नं.: ३००२७४ |
|---|---|---|
| Pre Approval Date: 2024/02/18 | Consignment No.: 60215140 | L.T. No.: 300274 |

| सि. नं S. N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या: Male पुरुष | Female महिला | Minimum Require-ment न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब: AED एड | NPR ने.रु. | Over time ओभरटाइम सुबिधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomoda-tion Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 30 ३० | 20 २० | Basic Understanding of English speaking and writing साधारण अंग्रेजी लेख्न, पढ्न र बुझ्न सक्ने | 1620 १६२० | 58,450 ५८,४५० | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | Yes छ | Yes छ | 2 Years दुई वर्ष |
| 2 | Commis II | 60 ६० | 40 ४० | | 1275 १२७५ | 46,000 ४६,००० | | | | | | | |
| 3 | Commis III | 120 १२० | 80 ८० | | 1050 १०५० | 37,884 ३७,८८४ | | | | | | | |
| 4 | General Assistant/ General Helper | 340 ३४० | 60 ६० | | 1050 १०५० | 37,884 ३७,८८४ | | | | | | | |
| 5 | Catering Assistant/ Team Member | 195 १९५ | 105 १०५ | | 1275 १२७५ | 46,000 ४६,००० | | | | | | | |
| 6 | Heavy Duty Driver | 50 ५० | 0 ० | | 2335 २३३५ | 84,247 ८४,२४७ | | | | | | | |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले ब्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Social Security Fund सामाजिक सुरक्षा कोष |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employee कामदारले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employee कामदारले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | NPR 700/- By the Employee ने.रु.७००।- कामदारले ब्यहोर्ने | NPR 1500/- By the Employee ने.रु.१५००।- कामदारले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employee कामदारले ब्यहोर्ने |

Blue Ocean Overseas Pvt.Ltd. does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in our sourcing and Recruitment Process.
ब्लू ओसियन ओभरसिज प्रा.लि.कुनै पनि एजेन्ट, सव-एजेन्ट, तेश्रो पक्ष र मध्यस्तता रहेको छैन् र हामी हाम्रो भर्ती पक्रियमा यी माध्यमहरुको प्रयोग पनि गर्दैनौं ।

१. उमेर २२-३७ बर्ष र SLC Pass भएको हुनुपर्नेछ ।, २. अंग्रेजी राम्रोसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ साथै कम्प्युटर सम्बन्धी ज्ञान भएको हुनुपर्नेछ । ३. सम्बन्धित काममा कम्तीमा १ बर्षको अनुभव भएको हुनुपर्नेछ ।, ४. Food Safety & Hygiene को राम्रो ज्ञान भएकालाई विषेश प्राथमिकता दिईनेछ ।, ५. अन्तर्वार्तामा आउदा सक्कल राहदानी, वायोडाटा, दक्षताको प्रमाणपत्र लिएर आउनुपर्नेछ साथै सेतो सर्ट, कालो पाइन्ट र कालो टाइ ड्रेस कोडसहित उपस्थित हुनुपर्नेछ । ६. हेभी ड्राइभरको हकमा युएईको ड्राइभिङ लाइसेन्स नं. ४ भएको हुनुपर्ने साथै उमेर २५ देखि ४४ बर्ष ननागेको हुनुपर्नेछ ।

Note (नोट):
- आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
- Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
- प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
- Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.
- शरिरमा कुनै देखिने ट्याटू वा दागहरू नभएको हुनुपर्नेछ ।
- There should be no visible tattoos or scars on the body.

**Grievance Reporting Alert (गुनासो दर्ता)**

If you have any grievance or feedback, please do contact us via helpline phone number or email address mentioned below. Blue Ocean Overseas Pvt. ltd. will excutive the necessary process by keeping the provided information & identity confidential. Helpline No. 9801224522, Email: b2ogrievance@gmail.com
यदि तपाईहरुसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेखित नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ । ब्लू ओसियन ओभरसिज प्रा.लि.ले उपलब्ध गराइएको जानकारी तथा परिचय गोप्य राखी आवश्यक प्रक्रिया अगाडि बढाउन प्रतिबद्ध छौं । हेल्पलाइन नं.: ९८०१२२४५२२, इमेल : b2ogrievance@gmail.com

**Pre interview will be conducted daily basis in our office Premises.**
**प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय परिसरमा चलिरहेको छ ।**
**Final Interview will be conducted on Office Premises, Kathmandu 27 & 28 February 2024.**
**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० फागुन १५ र १६ गतेमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्फौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८६४/०६६/०६७
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल फोनः ४९५१७३२, ४९६५८२६,
Email: blueocean_o@yahoo.com, www.blueocean.com.np

Mobile No: 9801224179 | 9801224520 | 9801224169 | 9801224162 | 9801224172 | 9841216869 | 9841661558 | 9841198513 | 9808220638
CERTIFIED ISO 9001:2015
कार्यालय रहेको स्थानः मनोहर मा.वि. देखि १०० मिटर अगाडि बायाँपट्टि, नक्साको लागि स्कान गर्नुहोला ।

# भुक्तानी नपाएपछि चितवनका किसानले सडकमै पोखे दुध

**चितवन/मस–** चितवनमा किसानले आइतबार केन्द्रीय बस टर्मिनल चोकमा दूध पोखेका छन् । उनीहरुले लामो समयसम्म भुक्तानी नपाएको र जिल्लाबाट उत्पादित दूधको बजारीकरणमा समस्या भएको भन्दै सडकमा दूध पोखेर विरोध जनाएका हुन् । उनीहरुले ८० लिटर दूध सडकमा पोखेर विरोध प्रदर्शन गरेका थिए ।

विरोध प्रदर्शनअघि प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघमा आवद्ध किसानले दूध तथा दुग्धजन्य पदार्थ बिक्री-वितरणमा सहज गर्नुपर्ने र किसानको दूधको भूक्तानी नियमित उपलब्ध गराउनुपर्ने माग राखेका थिए । जिल्लामा दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ जसमध्ये एक लाख ५० हजार लिटर दूध जिल्लाबाहिर बिक्री गर्ने गरिएको छ ।

संघका अध्यक्ष बिशोर बगालेले पाँच दिनदेखि जिल्लामा उत्पादित दूध



बिक्री हुन नसकेको भन्दै बजारको सहजीकरणका लागि सरकारसँग आग्रह गर्दा सुनुवाइ हुन नसकेको गुनासो गरे । आफुहरुले प्रदेश सरकार र संघीय सरकारका मन्त्री, मुख्यमन्त्री र प्रधानमन्त्रीलाई दुग्ध उत्पादक किसानको समस्याका बारेमा जानकारी गराउँदा पनि समस्या समाधान हुन नसकेपछि आन्दोलनमा उत्रनु परेको उनले जानकारी दिए ।

अध्यक्ष बगालेले भने, 'चितवनका दुग्ध उत्पादक किसानले साउनयताको रु ५२ करोड निजी डेरी उद्योग र दुग्ध विकास संस्थानसँग लिन बाँकी छ । भुक्तानी समयमा नपाउँदा किसान मारमा परेका छन् ।' दूधको भुक्तानी नपाउनु र दूध बिक्री नहुँदा पशुपालक किसान पलायन हुने अवस्थामा आएको उनले बताए । केन्द्रीय दुग्ध उत्पादक सहकारीका उपाध्यक्ष भागिरथ तिमिल्सिनाले किसानका समस्याप्रति सरकारको ध्यान नपुगेपछि आन्दोलनमा आउनु परेको बताए । उनले भने, 'विकल्पको खोजीमा हामी धेरै भौंतारियौं । विकल्प नपाएर सडकमा आएका हौं ।' सरकारले आफूहरुको माग सम्बोधन गर्नुपर्ने भन्दै उनले बजारमा प्रतिबन्धित दुग्धजन्य वस्तु आउँदा समस्या भएको उपाध्यक्ष तिमिल्सिनाले बताए । दुग्ध उत्पादक किसानको समस्या समाधान नभए थप आन्दोलनमा जान किसान तयार रहेको उनको भनाइ थियो ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले किसानका समस्या समाधान गर्न स्थानीय प्रशासनले तदारुकताका साथ काम गर्ने बताए । उनले भने,'किसानका जायज मागलाई सम्बोधन गर्दै बजारमा देखिएका समस्या समाधान गर्नतर्फ लाग्छौं ।'

# त्रिविको उपकुलपतिमा तीन उम्मेदवारको नाम सिफारिस



**काठमाडौं/मस–** त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपतिमा प्रा.डा. चित्रबहादुर बुढाथोकी, प्रा.डा.केशरजंग बराल र प्रा.डा.टंकनाथ धमला मध्येबाट एक जनालाई नियुक्त गर्न सिफारिस गरिएको छ ।

आवेदन दिएका ४३ मध्ये १४ उम्मेदवार अल्पसूचीमा परी आइतबार अन्तर्वार्ताको कार्य सम्पन्न भएपछि सिफारिस समितिले तीन जनाको नाम चयन गरेको हो । त्रिभुवन विश्वविद्यालय ऐन, २०४८ को दफा १८ (२) बमोजिम उक्त तीनमध्येबाट प्रधानमन्त्री एवं कुलपतिले एकलाई नियुक्त दिनेछन् ।

त्रिविका उपकुलपति डा.धर्मकान्त बास्कोटाको कार्यकाल गत कात्तिक १८ गते सकिएकपछि गत कात्तिक २४ गते प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड' ले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईका अध्यक्षतामा सचिव सुरेश अधिकारी र त्रिविका बौद्ध अध्ययन विभागका प्रमुख डा.चन्द्रकला घिमिरे रहेको कमिटी गठन गरेका थिए ।

# अवैध लागुऔषधसहित नौ जना पक्राउ

**काठमाडौं/मस–** कास्की पोखरा महानगरपालिका-१९ भुनपुरेबाट अवैध लागुऔषध गाँजा करिब १ किलो ५ ग्रामसहित एक जना पक्राउ परेका छन् ।

स्याङजा पुतलीबजार नगरपालिका-८ घर भइ पोखरा महानगरपालिका-६ लेकसाईड बस्ने ३१ वर्षीय सुनिल दर्जीलाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । वडा प्रहरी कार्यालय बगरबाट खटिएको प्रहरीले ग.२१ प ५४५४ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा चालक दर्जीलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

यस्तै झापा झापा गाउँपालिका-१ सोहखुट्टेबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ९ सय १० मिलिग्रामसहित भारत घर भएका २५ वर्षीय मो.ईन्सुलाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

कैलाली, धनगढी उपमहामगरपालिका-३ बोराडाडी चोकबाट अवैध लागुऔषध ब्राउन सुगरजस्तो देखिने पदार्थ ३ सय ५० मिलिग्रामसहित गोदावरी नगरपालिका-५ गेटा बस्ने २३ वर्षीय मनोज राना समेत २ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट चटकपुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

काठमाडौं, काठमाडौं महानगरपालिका-२७ जमलबाट अवैध लागुऔषध पोल्यान्ड जस्तो देखिने पदार्थ करिब २० ग्रामसहित सोही महानगरपालिका-१५ स्वयम्भू बस्ने ४२ वर्षीय निराजन शाही खड्कीसमेत ५ जनालाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त दरवारमार्गबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ हो ।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# अनुसन्धानमा प्रभावकारी हुँदै सीसीटीभी, हालसम्म १३ हजार बढी जडान

**काठमाडौं/मस–** गत भदौ २९ गते राति काठमाडौं तिनकुनेस्थित दिव्य स:मिलमा ४ जनालाई धारिलो हतियार प्रहार गरी ज्यान मारेको घटनामा सीसीटीभी मनिटरिङबाट हुलिया खुल्न गइ संलग्न अभियुक्त नियन्त्रणमा लिन प्रहरी सफल भयो ।

यसैगरी गत पुस १७ गते दिउँसो दहचोकदेखि कालीमाटी आउने क्रममा एकजना पीडितको साथमा रहेको १ लाख ३० हजार रूपैयाँ भएको झोला खसेर हराएको जानकारी प्राप्त भयो । सीसीटीभी मनिटरिङबाट उक्त झोला बा.६३ प ९८२७ नम्बरको स्कुटर चालकले कलंकी चोकबाट टिपेको देखि चालकसँगको समन्वयमा उक्त नगद पीडितलाई बुझाउन प्रहरी सफल भयो ।

यी त केही प्रतिनिधि घटनाहरु हुन् । यसरी हुने दैनिक घटनाहरूको निगरानी तथा घटिसकेका घटनाहरूको फुटेज पहिचान गरी विश्लेषणबाट अनुसन्धानमा सहयोग पुग्ने गर्दछ । सीसीटीभी मनिटरिङ कक्षबाट दैनिक ट्राफिक चापको व्यवस्थापनका साथै जुलुस, सभा र सम्मेलनमा तथा हुलदङ्गा गर्ने समूहलाई निगरानी गर्ने काम पनि हुन्छ । नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकाल भन्छन्, 'समाजमा शान्ति सुरक्षा कायम गर्न, सवारी दुर्घटना न्यूनीकरण तथा दुर्घटना भएमा संलग्नलाई पहिचान तथा कारवाही गर्न सीसीटीभी प्रभावकारी माध्यम हो । यसले चोरी डकैती लगायतका आपराधिक क्रियाकलाप न्यूनीकरण तथा नियन्त्रण गर्न र प्रहरी परिचालनलाई सह ज तथा प्रभावकारी बनाउन मदत गर्छ । त्यसैले प्रहरी संगठनले सिसिटिभि प्रयोगलाई उच्च प्राथमिकतामा राखेको छ ।'

चालु आर्थिक वर्षको साउनदेखि माघसम्म सात महिनाको अवधिमा देशभर १,२९५ वटा थप सीसीटीभी जडान भएका छन् । ती मध्ये काठमाडौं उपत्यका प्रहरी कार्यालय अन्तर्गत २६१ वटा, कोशी प्रदेश प्रहरी कार्यालय अन्तर्गत ३९० वटा, मधेश प्रदेश प्रहरी कार्यालय अन्तर्गत ७० वटा, बागमती प्रदेश प्रहरी कार्यालय अन्तर्गत १२६ वटा, गण्डकी प्रदेश प्रहरी कार्यालय अन्तर्गत १६२ वटा, लुम्बिनी प्रदेश प्रहरी कार्यालय अन्तर्गत १०३ वटा, कर्णाली प्रदेश प्रहरी कार्यालय अन्तर्गत ९४ वटा र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय अन्तर्गत ८९ वटा जडान भएका छन् । ती मध्ये विभिन्न संघसंस्थाबाट १,११४ वटा र प्रहरी कार्यालयबाट १८१ वटा जडान भएका हुन् । हालसम्म देशभर नेपाल प्रहरीले मनिटर गर्ने सिसिटिभि १३,६७५ वटा रहेका छन् । तीमध्ये ती मध्ये काठमाडौं उपत्यका प्रहरी कार्यालय अन्तर्गत ३,९९३ वटा, कोशी प्रदेश प्रहरी कार्यालय अन्तर्गत २,४५८ वटा, मधेश प्रदेश प्रहरी कार्यालय अन्तर्गत १,५३२ वटा, बागमती प्रदेश प्रहरी कार्यालय अन्तर्गत १,३६८ वटा, गण्डकी प्रदेश प्रहरी कार्यालय अन्तर्गत १,६५१ वटा, लुम्बिनी प्रदेश प्रहरी कार्यालय अन्तर्गत १,४१० वटा, कर्णाली प्रदेश प्रहरी कार्यालय अन्तर्गत ४४८ वटा र सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय अन्तर्गत ८१५ वटा छन् ।

सीसीटीभी क्यामेराको प्रयोगले मुख्य-मुख्य सडकहरू र महत्वपूर्ण स्थानहरूमा अपराध अनुसन्धान, नियन्त्रण, न्यूनिकरण तथा रोकथामका साथै ट्राफिक व्यवस्थापन, विभिन्न प्रकारका आपराधिक तथा गैरकानुनी कार्यलाई नियन्त्रण गर्न महत्वपूर्ण भूमिका खेल्ने भएकोले यसको प्रभावकारिता बढ्दै गएको छ । प्रहरी नायव महानिरीक्षक ढकाल भन्छन्,'शान्ति सुरक्षा कायम, अपराध नियन्त्रण लगायत सुशासनसँग सम्बन्धित विषयमा प्रभावकारी काम गर्न सूचना तथा सञ्चार प्रविधि सरल माध्याम हो । यस प्रणालीलाई प्रभावकारी बनाई सोको उपयोगबाट गुणात्मक नतिजा हासिल गर्न सिसिटिभी क्यामेराको भूमिका महत्वपूर्ण छ । क्यामेरा अकाट्य प्रमाण भएकोले घटनासँग सम्बन्धित मानिस उम्किन पाउँदैन ।'

चालु आर्थिक वर्षको पुससम्म ६ महिनाको अवधिमा काठमाडौं उपत्यका प्रहरी कार्यालयबाट सवारी दुर्घटना, समान छुटेको/ हराएको, चोरी, लुटपाट, सवारी साधन हराएको, मानिस हराएको लगायत अन्य विभिन्न घटनाहरुमा कुल १,२९७ फुटेज माग भएकोमा ५८१ फुटेजहरू उपलब्ध गराइएको छ । सोही फुटेजहरुको आधारमा ४०९ वटा घटना अनुसन्धान गरी निचोडमा पुग्न प्रहरी सफल भएको छ । सो अवधिमा काठमाडौं उपत्यकामा ट्राफिक नियम उल्लंघन गरी फरार १४,६३३ जना र ट्राफिक सपोर्ट कारबाही २५,६३६ जना गरी ४०,२६९ जनालाई सिसिटिभिकै आधारमा पहिचान तथा फलोअप गरी कारवाहीको दायरामा ल्याउन प्रहरी सफल भएको छ ।

सीसीटीभी मनिटरिङका सम्बन्धमा उपत्यका प्रहरी कार्यालय रानीपोखरी संचार तथा सिसिटिभि शाखाका प्रमुख प्रहरी उपरीक्षक दामोदर कँडेल भन्छन्, 'आधुनिक प्रविधिको प्रयोग गर्दै चौविसै घण्टा सीसीटीभीको माध्यमले मोनिटरिङ गरी परिणाममुखी एवं प्रमाणमुखी प्रहरी कार्यलाई थप व्यवस्थित बनाउन निरन्तर लागीरहेका छौं ।'

## मेलम्ची...

मन्त्रालयका तत्कालीन सहसचिव तथा मेलम्ची खानेपानी आयोजना विकास समितिका बोर्ड सदस्य मुकुन्दप्रसाद पौडेल, बोर्ड सदस्य रुद्रसिंह तामाङ, बोर्ड सदस्य चन्द्रबहादुर थापा रहेका छन् । पौडेल पनि सचिवबाट अवकाश भइसकेका छन्। रुद्रसिंह तामाङ भने हाल अध्यागमन विभागको प्रमुखको जिम्मेवारीमा छन् ।

मेलम्ची खानेपानी आयोजना विकास समितिका तत्कालीन कार्यकारी निर्देशकहरु घनश्याम भट्टराई, रामचन्द्र देवकोटा र सूर्यराज कँडेल, समितिका तत्कालीन लेखा उपसचिव मणिभन्द्र न्यौपाने, बेगनाथ पौडेल, केदारप्रसाद अर्याल, लेखा अधिकृत रामचन्द्र न्यौपाने, निर्माणस्थलका इन्जिनियर तत्कालीन उपकार्यकारी निर्देशक भोजबिक्रम थापाविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको छ । परामर्शदाता एप्टिसा बेट्स जेभीका तत्कालीन डेपुटी टिम लिडर शिवकुमार शर्मा, निर्माण व्यवसायी एप्टिसा र बेट्स कन्सलि्टङ जेभी र अर्को निर्माण व्यवसायी सीएमसी डि रविनाविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर भएको छ ।

## अध्यागमन...

आइतबार अख्तियारले सहसचिव तामाङलाई भ्रष्टाचारको मुद्दा लगाएको हो ।

मेलम्ची खानेपानी विकास समिति सदस्यका रुपमा निर्णय प्रक्रियामा सहभागी भएको भन्दै तामाङविरुद्ध ११ करोढ ९ लाख बराबरको भ्रष्टाचार मुद्दा दायर भएको छ । सीएमसीलाई रकम भुक्तानी गर्ने समयमा तामाङ काठमाडौं महानगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत थिए ।

## अविश्वास

त्यसैले आज विश्वासको मत दिन्छौं' अविश्वास राख्दै नेता साहले भनेका थिए ।

मुख्यमन्त्री यादवलाई अविश्वास राख्दै सत्तारुढ दलहरुले नै विश्वासको मत दिएका हुन् । उनलाई नेकपा एमाले र जनमतले भने विश्वासको मत दिएनन् । आइतबार प्रदेश सभामा उपस्थित १०४ मध्ये उनको पक्षमा ६९ मत खस्यो भने विपक्षमा ३५ मत परेको छ ।

गत माघ ९ गते जनमतका दुई मन्त्रीले सरकार छाड्दै सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि विश्वासको मत लिएका हुन् । मधेश प्रदेश सभामा १०७ सांसदमा एमालेका सबैभन्दा धेरै २४ जना छन् । कांग्रेसका २२, जनता समाजवादी पार्टीका १९, जनमतका १३, माओवादी केद्रका ९, लोसपाका ९ र एकीकृत समाजवादीका ७ सांसद छन्। नागरिक उन्मुक्ति पार्टी, राप्रपाका एक/एक र एक स्वतन्त्र सांसद छन् ।

## वैदेशिक...

थप गरेर हिरासतमा राखिएको जनाइएको छ। पक्राउ पर्नेमा बैंकिङ कसुरसम्बन्धी ठगीको आरोपमा छ जना र वैदेशिक रोजगारसम्बन्धी ठगीको आरोपमा एक जना रहेको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रवक्ता बेनु कार्कीले जानकारी दिए ।

बैंकिङ कसुरसम्बन्धी ललितपुर महानगरपालिका-१४ थसिखेल निवासी सुनिता खड्कालाई गत पुस १७ गते पक्राउ गरिएको प्रहरीले जनाएको छ । खड्काले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेलकी निर्मला भुजेलको ३५ लाख २५ हजार रकम विभिन्न बहानामा ठगी गरेको पाइएको छ । खड्काले आफूले लिएको रकम फिर्ता गर्न तथा धरौटी रकम बुझाउन नसकेपछि माघ-३ गते पुर्पक्षका लागि कारागार पठाइएको प्रहरीले जनाएको छ । सस्तोमा घडेरी दिलाइदिन्छु भन्दै ठगी गर्ने खड्कालाई अदालतले दश लाख धरौटी तोकेको छ ।

यस्तै, युवराज बस्नेतको जाहेरीले गत माघ-९ गते काठमाडौं महानगरपालिका-७ काठमाडौंबाट पक्राउ परेका कल्याण खत्रीलाई बैंकिङ कसुरसम्बन्धीकै अर्को मुद्दामा बिहीबार गौशाला पठाइएको प्रनाउ खड्काले जानकारी दिए । आरोपित कल्याणले बस्नेतको चार लाख २० हजार रकम लिएर फिर्ता नगरेको जनाइएको छ ।

बस्नेतकै जाहेरीको आधारमा कल्याणका बुबा मोहनकुमार खत्रीलाईसमेत प्रहरीले पक्राउ गरेको छ। गत माघ ११ गते नवलपारासीको सुनवल नगरपालिका-१२ भूमहीबाट पक्राउ परेका मोहनकुमारले समय समयमा विभिन्न व्यक्तिबाट तीन करोड ४० लाख रकम लिएर फिर्ता नगरेको जनाइएको छ ।

दिक्तेलस्थित प्रहरी हिरासतमा रहेका मोहनकुमारलाई जिल्ला अदालत खोटाङको प्रक्रिया पूरा गरेर झापाको बिर्तामोड पठाउने तयारी गरिएको प्रहरीले जनाएको छ । मोहनकुमारविरुद्ध बिर्तामोडबाट ठगी मुद्दासम्बन्धी नै पक्राउ पुर्जी आएको जनाइएको छ । पक्राउ परेकामध्ये मोरङको बेलबारी नगरपालिका-१ बेलबारीका सुवास न्यौपाने र दिप्रुङ चुइचुम्मा गाउँपालिका-४ छोरम्बुस्थित याङ्सोलाका चण्डीकुमार राईले रकम फिर्ता गरेको प्रनाउ खड्काले जानकारी दिए । खगेन्द्र राईको जाहेरीले गत पुस १९ गते पक्राउ परेका न्यौपानेले १५ लाख तथा समिर राईको जाहेरीले माघ १६ गते पक्राउ परेका चण्डीकुमारले एक लाख २५ हजार रकम फिर्ता गरेका हुन् । यस्तै, युवराज आचार्यको जाहेरीले गत माघ २७ गते पक्राउ परेका सिन्धुली जिल्लाको दूधौली नगरपालिका-११ राजावास बस्ने उपेन्द्र साह सुरीले दुई लाख ३४ हजार पाँच सय ५० ठगी गरेको जनाइएको छ । उनलाई हिरासतमा राखेर अनुसन्धान गर्ने काम भइरहेको प्रहरीले जनाएको छ ।

वैदेशिक रोजगारसम्बन्धी ठगी मुद्दामा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-२ सोल्मास्थित तालखर्क घर भइ भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिका-२ बालकोट बस्दै आएका प्रेम पुरी पक्राउ परेका छन् । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेका ईन्द्रबहादुर खड्का 'माइकल' सहित छ जनाको जाहेरीमा गत माघ २१ गते पक्राउ परेका पुरीले रु आठ लाख ९५ हजार ठगी गरेको आरोप छ ।

विभिन्न समयमा विदेश पठाइदिन्छु भन्दै धरौटीबापत लिएको रकम फिर्ता नगरेपछि कारबाहीको लागि प्रहरीमा उजुरी दिएको माइकलले बताए । पक्राउ परेका पुरीलाई हिरासतमा राखेर कारबाहीको प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ । दश स्थानीय तह रहेको जिल्लामा सबैभन्दा बढी वैदेशिक रोजगारसम्बन्धी ठगीका घटना बढिरहेको पाइएको छ । विदेश पठाउने नाममा ठगी गर्ने एजेन्ट जिल्ला बाहिरका हुँदा ठगी वापतको रकम फिर्ता गराउन समस्या हुने गरेको सुरक्षित आप्रवासन परियोजना सामीका कार्यक्रम संयोजक सन्तोषकुमार राईले जानकारी दिए ।

यसैबीच, फरार प्रतिवादी पक्राउ अभियान शुरु गरेको जिल्ला प्रहरी कार्यालय खोटाङले गत साउनदेखि हालसम्म ९८ जनालाई पक्राउ गरिसकेको जनाइएको छ। अभियानका क्रममा ३० वर्षअघिदेखि फरार रहेका प्रतिवादीसमेत पक्राउ गरिएको प्रनाउ खड्काले जानकारी दिए ।

## साउदी...

उल्लेखनीय भूमिका खेलेका कारण मञ्च सदस्यसमेत रहेका व्यवसायी पौडेललाई सम्मान गरिएको बताए । साउदी संयोजक पौडेलले लामो समयदेखि व्यवसायीले झेल्दै आएको साउदी आईडीको समस्यादेखि नेपाली दूतावास रियाद तथा कन्सुलर कार्यालय जेद्दासँग समन्वय गरी व्यवसायी तथा कामदारका समस्या समाधान गरी सहज परिस्थिति निर्माण गरेको अध्यक्ष रावलले बताए। कार्यक्रममा मञ्चका महासचिव मिलन कट्टेलले संयोजक पौडेल साउदी अरेबियाको वैदेशिक रोजगार प्रक्रियामा रहेका सबै प्रकारका जटिलताका विषयमा जानकार रहेकाले समस्याको समाधान हुने हुँदा व्यवसायीलाई सहज भएको धारणा राखे ।

मञ्चको सम्मानले आफूलाई कामदार र व्यवसायीका समस्या समाधानका लागि अझ धेरै चनाखो हुन प्रेरणा मिलेको भन्दै पदीय जिम्मेवारीको अवस्थामा नरहेको स्थितिमा पनि आफ्नो क्षमताले भ्याएसम्म व्यवसायी तथा कामदारका समस्या समाधानका लागि दत्तचित्त भएर लागिपर्ने प्रतिबद्धता जनाए ।

मञ्चका अध्यक्ष रावलको अध्यक्षतामा भएको कार्यक्रममा संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्री (कुमार), द्वितीय उपाध्यक्ष सञ्जु गुरूङसहित मञ्चका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

UAE मा रोजगार | कम्पनी: INSPIRE INTEGRATED FACILITIES MANAGEMENT L.L.C
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/११/०६ चलानी नं.: ६०२१५१५९ L.T. No.: 300279

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 100 | सम्बन्धित काममा दक्ष | 800 | २८,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Rope Access Cleaners (Level 1) | 60 | 0 | | 1300 | ४६,९०४ | | | | | | | |
| 3. | Rope Access Cleaners (Level 3) | 10 | 0 | | 1600 | ५७,७२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १४, १७ र १८ गते (26, 29 & 30 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता सिपी होटल, विर्तामोडमा २०८० फागुन १५ गते (27 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता लण्डन होटल, इटहरीमा २०८० फागुन १६ गते (28 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SECURE NEPAL JOB PLACEMENT PVT . LTD.
श्रम इजाजत नं.: १६४८/०८०/०८१
Sinamangal-09, Kathmandu, Nepal,Tel: 01-4919873, 4919874. | Email: info@securenepaljobs.com |
यसै कार्यालयको लागि Manager-1 Pax, Documentation-2 Pax चाहिएकोले इच्छुकले कार्यालयमा सम्पर्क गर्नुहोला ।

कतारमा रोजगार
कम्पनी: SUPER DESIGN CONTRACTING WLL
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/०४/१४ चलानी नं.: ६०२०५४३३ L.T. No.: 290015 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisior | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९०,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Mason | 1 | 0 | | 1100 | ३९,९७४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन १४ गते (26 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

New Sambriddhi Overseas Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
Airport, Manpower Bazar, kathmandu, Tel: 01- 4112990 / 4112991
Fax : 01-4475670, Email: sambriddhinew@gmail.com
Mobile: 9818081225 | 9869396315 | 9841215500

साउदीमा रोजगार | कम्पनी : BADRAN TRADING AND SERVICES COMPANY LTD
शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८०/११/०६ चलानी नं.: ६०२१५१४७ L.T. No.: 300233

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : FUTURE PIONEERING EQUIPMENT RENTAL COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८०/११/०६ चलानी नं.: ६०२१५१४५ L.T. No.:299986

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८८,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | HEAVY TRUCK DRIVER | 1 | 0 | | 1800 | ७७,७४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० फागुन १४ गते (26 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Fast Employment Service (P.) Ltd.
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

# सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीलाई खानेपानीको समस्या

**भिम वि.क. /मध्यान्ह**
टीकापुर, ६ फागुन

कैलालीको सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीलाई खानेपानीको समस्या रहेको पाइएको छ। नेपाल-भारत सीमा क्षेत्रमा खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरीलाई खानेपानीको समस्या रहेको छ।

कैलालीको टीकापुर ८ श्रीलंकामा रहेको शसस्त्र प्रहरी बेस क्याम्प, खक्रौलास्थित सशस्त्र प्रहरी गुल्म, कालाकुण्डा बेस क्याम्पमा खानेपानीको समस्या रहेको र त्यसैगरी भजनी नगरपालिकास्थित सीमानाकामा रहेका कुसुमघाटस्थित सशस्त्र प्रहरी बेस क्याम्प, पगियापसार बेस क्याम्प, कालापाताल बेस क्याम्प र गुलरियाघाटमा सशस्त्र प्रहरी गुल्ममा पनि खानेपानीको समस्या रहेको छ।

सीमा क्षेत्रमा रहेका प्रहरी चौकी, सशस्त्र प्रहरीका गुल्ममा खानेपानीको समस्या रहेको सशस्त्र प्रहरी गुल्म खक्रौका डिएसपी सुर्यप्रकाश शर्माले बताए।



सीमा क्षेत्रमा रहेका प्रहरी चौकी, सशस्त्र प्रहरी गुल्ममा रहेको हाते नल्कामा पानी खानयोग्य नरहेको नल्काको पानी केही बेर भाँडामा राख्ने हो भने पहेँलो हुने र भाडामा खिया लाग्ने गरेको डिएसपी शर्माले बताए।

चिसो मौसममा खानेपानी कम प्रयोग हुने हुँदा त्यति समस्या नरहेपनि गर्मी मौसममा पानी बढी खपत हुने हुँदा कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ता रहेको डिसएपी शर्माले बताए। श्रीलंकामा रहेको बेस क्याम्पले बर्दियाको राजापुर बजारबाट खानेपानी किनेर खाने गरेको शसस्त्र प्रहरी निरीक्षक खडानन्द सापकोटाले बताए।

त्यस्तै कालाकुण्डा बेस क्याम्पमा पनि खानेपानी टीकापुरबजारबाट किनेर र २ किलोमिटर टाडाको गाउँबाट जर्किनमा बोकेर खाने गरेको सशस्त्र प्रहरी नायव निरीक्षक चित्र बहादुर खड्काले बताए। भजनी नगरपालिकास्थित रहेका गुल्म तथा बेस क्याम्पमा पनि खाने पानीको समस्या रहेको सशस्त्र प्रहरी गुल्म गुलरियाघाटका सशस्त्र प्रहरी नायब उपरीक्षक राजन शाहले जानकारी दिए।

भजनी नगरपालिकासँग खानेपानीको विषयमा कुरा गरेको खानेपानीको लागि व्यवस्थापन गरिदिने आश्वासन दिएको तर तत्काल बजेट भने विनियोजन नगरेको उनले बताए। क्याम्पबाट करिब ३/४ किलोमिटर टाढा रहेका गाउँबाट स्थानीयका हाते नल्काबाट खानेपानी ल्याएर खाने गरेको प्रहरीहरुले बताएका छन्। नेपाल भारतको सीमा नाकामा तैनाथ रहेका प्रहरीलाई खानेपानीको समस्या रहनु भनेको स्थानीयदेखि संघीय सरकार नभएको जस्तो अनुभूति गरेको स्थानीय सर्पराज साउँदले बताए। देशको सीमामा तैनाथ सुरक्षाकर्मीलाई सरकारले खानेपानीको समस्याबाट मुक्त दिनका लागि पहल गर्नुपर्ने उनको भनाइ छ।

# कृषिमा यान्त्रीकरणले बाली उत्पादनमा दोब्बर वृद्धि

**सुर्य प्रसाद भुसाल /मध्यान्ह**
अर्घाखाँची, ६ फागुन



कृषिमा यान्त्रीकरण प्रयोग हुन थालेपछि अर्घाखाँचीमा उत्पादनमा दोब्बरले वृद्धि भएको छ।

परम्परागत रूपमा जोत्दै आएको खेतबारीमा अहिले आधुनिक यन्त्रहरुको प्रयोग बढ्न थालेका छन्। जसले गर्दा कम लागत र कम समयमा नै उत्पादन हुन थालेको छ। यसले गर्दा किसानहरु खुसी भएका कृषि ज्ञानकेन्द्र अर्घाखाँचीका प्रमुख उपसचिव बुद्धिराम घिमिरेले बताए।

कम समयमा नै किसानहरुले खेतबारी खनजोत गर्न सक्ने र काम गर्न सहज हुने भएपछि यान्त्रीकरणतर्फ किसानको आकर्षण बढेको छ। जसले गर्दा स्थानीय, प्रदेश र संघीय सरकारले समेत यान्त्रिक सामानमा लगानी गर्ने गरेका छन्।

जिल्लाको भूमिकास्थान नगरपालिका वडा नम्बर ९ का किसान सन्तोष भुसालले अगुवा कृषकले पुर्खौदेखि खेत जोत्न प्रयोग हुँदै आएको गोरुले जोत्न छोडेको बताए। उनले अहिले खेतबारी जोत्न गोरुको ठाउँमा (हाते ट्याक्टर) प्रयोग गर्ने गरेको उनको भनाइ छ।

कम श्रममा एकैपटक धेरै खेत जोत्न सकिने भएपछि गोरु बेचेर हाते ट्याक्टर किनेका भुसालले गोरु पाल्नका लागि घरका अरू सदस्यले घाँस काट्ने, खुवाउने र चराउने काम पनि घटेको बताए। हाते ट्क्याक्टर किनेपछि काम छिटोछरितो भएको उनको भनाइ छ।

हाते ट्र्याक्टर प्रयोग गरेपछि चार दिनको काम दुई घण्टामा पूरा भएको भन्दै उनले खुसी व्यक्त गरे। कृषि यन्त्रको सहयोगले कृषि कार्यको काममा सहज हुनुका साथै समयको बचत भएको किसानहरु बताउँछन्। कृषि उत्पादनमा विगतको तुलनामा दोब्बरले वृद्धि भएको कृषि ज्ञान केन्द्र अर्घाखाँचीले जनाएको छ।

पावर टिलरले जोतेको खेतमा बाली धेरै उब्जनी भएको छ। गोरुले जोतेको भन्दा धेरै राम्रोसँग माटो जोतिने भएकाले रोपाइँ गर्दा पनि एकदमै छिटो र सजिलो हुने कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख उपसचिव घिमिरेले बताए।

कृषिमा यान्त्रीकरण भएपछि अर्घाखाँचीमा बाली उत्पादन बढेको छ। परम्परागत रूपमा जोत्दै आएको खेतबारीमा आधुनिक यन्त्र प्रयोग गर्दा कम लागतमा उत्पादन बढेको सन्धिखर्क ६ जगतका किसान नेता कृष्णप्रसाद आचार्यले बर्ता।

किसानको धेरै समय खेतबारी खनजोतमा नलाग्ने र काम गर्न सहज हुने भएपछि यान्त्रीकरणतर्फ किसानको आकर्षण बढ्दो कृषि अधिकृत शिवलाल घिमिरे बताउँछन्। जिल्लाको सन्धिखर्क नगरपालिका वडा नम्बर ६ नरपानिका सुर्य भट्टराईले अगुवा कृषकले पुर्खौदेखि खेत जोत्न प्रयोग हुँदै आएको गोरुले जोत्न छोडेका बताउँदै अहिले खेतबारी जोत्न गोरुको ठाउँमा (हाते ट्याक्टर) प्रयोग हुने गरेको बताए।

'कम श्रममा एकैपटक धेरै खेत जोत्न सकिने भएपछि गोरु बेचेर हाते ट्याक्टर किनेको हुँ', उनले भने, 'गोरु पाल्नका लागि घरका अरू सदस्यले घाँस काट्ने, खुवाउने र चराउने काम पनि घटेको छ। हाते ट्याक्टर किनेपछि काम छिटोछरितो भएको छ।'

हाते ट्याक्टर प्रयोग गरेपछि चार दिनको काम दुई घण्टामा पूरा भएको किसान दिपक पाण्डेले बताए। कृषि यन्त्रको सहयोगले कृषि कार्यले काममा सहज हुनुका साथै समयको बचत भएको उनले बताए। कृषि उत्पादनमा विगतको तुलनामा दोब्बरले वृद्धि भएको छ। अर्घाखाँची कृषि ज्ञानकेन्द्रमा उपसचिव घिमिरे आएपछि किसानहरुले धेरै सुविधा पाएको र घिमिरे किसानहरुको खेतबारीमै अनुगमनका लागि पुग्ने गरेको नरपानिका किसान प्रकाश महत्राले बताए।

# राष्ट्रिय प्रजातन्त्र दिवस मनाइँदै



**काठमाडौं /मस–** राष्ट्रिय प्रजातन्त्र दिवस आज देशभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदैछ। प्रजातन्त्र दिवसको अवसरमा सैनिक मञ्च टुँडिखेलमा विशेष कार्यक्रम आयोजना गरिँदैछ। नेपाली सेनाबाट सैनिक मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै विगुल बजाउने तथा तोप र बन्दुकको बढाईं हुने छ। आज सेनाको हेलिकोप्टरबाट 'राष्ट्रिय प्रजातन्त्र दिवस, २०८०' अंकित व्यानर चक्रपथ वरपर प्रदर्शन गर्ने तथा नेपाली सैनिक मञ्च, टुँडिखेलमा हेलिकोप्टरबाट पुष्पवृष्टि र झण्डा प्रदर्शन गर्ने कार्यक्रम तय भएको छ।

विसं २००७ फागुन ७ गते १०४ वर्षसम्म चलेको जहानियाँ राणाशासन अन्त्य भइ नेपालमा प्रजातन्त्रको स्थापनाको घोषणा भएकाले सोही दिनको स्मरणमा यो दिवस मनाउन थालिएको हो। यस अवसरमा विसं २००८ पछि मूल समारोह समितिद्वारा सैनिक मञ्चमा विशेष समारोहको आयोजना गरिने परम्परा बनेको छ। दिवसका अवसरमा अन्य संघ संस्थाले पनि विभिन्न कार्यक्रम आयोजना गरेका छन्।

सरकारले फागुन ६, ७ र ८ गते तीन दिनसम्म विशेषरुपमा दिवस मनाउन आह्वान गरेको छ। प्रजातन्त्र दिवसलाई विसं २०४६, २०६३ र २०६५ का परिवर्तनको जगका रुपमा सम्झना गरी विभिन्न कार्यक्रम आयोजना गर्ने गरिएको छ।

यसैबीच राष्ट्रपति रामचन्द्र पौडेलले लोकतन्त्रले सामाजिक न्याय, समानता, सामाजिक सद्भाव तथा समृद्धिसहित बृहत् राष्ट्रिय एकतालाई अझै मजबुत तुल्याउने विश्वास व्यक्त गरेका छन्।

राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० को अवसरमा शुभकामना व्यक्त गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालीले सात दशकभन्दा लामो संघर्षबाट प्राप्त गरेको महत्वपूर्ण उपलब्धि हो भनेका छन्। राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दै राष्ट्रपतिले प्रजातन्त्र स्थापनाका लागि भएका अनेकौं संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका छन्।

'विसं २००७ को क्रान्ति सफल भएर निरङ्कुशताविरूद्धको बलिदानीपूर्ण संघर्षको परिणाम स्वरूप मानवअधिकार तथा राजनैतिक स्वतन्त्रता हासिल गरेको ऐतिहासिक उपलब्धिको सम्झना र सम्मान स्वरूप प्रत्येक वर्ष फागुन ७ गते हामी प्रजातन्त्र दिवस मनाउँछौं,' शुभकामना सन्देशमा राष्ट्रपतिले भनेका छन्, 'मुलुकको सार्वभौमसत्ता जनतामा निहित हुनुपर्छ भन्ने मान्यतालाई जनताको संघर्ष तथा सहिदको बलिदानबाट स्थापित गरेको हुनाले यस दिन नेपालको इतिहासमा गौरवपूर्ण र अविस्मरणीय दिनको रूपमा अंकित छ।

लामो संघर्ष र बलिदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र जनता आफैँले बनाएको वर्तमान संविधान निर्माणको एउटा महत्वपूर्ण जग विसं २००७ को क्रान्ति थियो भन्ने हामीले बिर्सन नहुनेमा राष्ट्रपति पौडेलले जोड दिएकाछन्।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतान्त्रात्मक व्यवस्थालाई अंगिकार गर्दै न्याय र समानतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिएको उल्लेख गर्दै सन्देशमा राष्ट्रपतिले प्रजातन्त्र दिवसले सबै जनप्रतिनिधिमूलक संस्था, राजनीतिक दल तथा राज्यका सबै अंगलाई लोकतान्त्रिक मूल्य, मान्यता अवलम्बन गर्दै जनअपेक्षा पूरा गर्ने दिशामा अघि बढ्न प्रेरित गर्ने विश्वास व्यक्त गरेका छन्।

# अखिल भारत नेपाली एकता मञ्चको लुधियाना नगरसमिति पुनर्गठन

**रमा थापा /मध्यान्ह**
भारत, ७ फागुन



नेकपा माओवादी केन्द्र निकट अखिल भारत एकता मञ्चको लुधियाना जिल्ला अन्तर्गत पूर्वि नगर समितिको पुनर्गठन गरिएको छ।

कार्यक्रममा वक्ताहरुले पूर्व नेतृत्वहरु अराजक बनेको र पार्टीको नीति नियम विपरित गतिविधि गर्दै आएको साथै पीडितहरुलाई न्याय दिलाउन पहल गर्नुको सट्टा विभिन्न प्रभाव र दबाब पारेर पीडित अझै पीडित बनाउने कार्य भएको बताएका थिए।

बाबुराम वि.कले अध्यक्षतमा भएको कार्यक्रमको सञ्चालन बाबुराम परिवारले गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि अखिल भारत नेपाली एकता मञ्चका केन्द्रीय सचिवालय सदस्य तथा दक्षिण एसिया समन्वय समिति सदस्य चित्र बहादुर परियार रहेका थिए।

यस्तै अतिथिहरुमा अखिल भारत नेपाल एकता मञ्चकी केन्द्रीय सदस्य मेनुका बराल, केन्द्रीय समिति सदस्य तथा राज्य इन्चार्ज पदम केसी रहेका थिए। कार्यक्रमको स्वागत मन्तव्य कमला गुरुङले राखेकी थिइन्। भेलाबाट बाबुराम वि.कको अध्यक्षतामा ११ सदस्यीय नगर समिति गठन गरिएको छ। समितिको अध्यक्षमा बाबुराम वि.क, उपाध्यक्षमा हर्क बहादुर वि.क, टिकाराम वि.क, बसन्त थापा, सचिवमा बाबुराम परियार, कोषाध्यक्षमा बिजय पुन, सदस्यहरुमा छबिलाल वि.क, कुमार नेपाली, सचिन थापा, एस कुमार थापा रहेका छन्।

यस्तै एक सदस्य पहिलो बैठकबाट मनोनयन गरिने मञ्चले जनाएको छ। भेलाले महिला नगर समिति समेत गठन गरेको छ। जसको अध्यक्षमा उमा वि.क,उपाध्यक्षमा बसन्ती वि.क,सुनिता श्रेष्ठ, सचिवमा लक्ष्मी परियार, कोषाध्यक्षमा मन्जु परियार र सदस्यहरुमा सुनिता वि.क,जुना वि.क, कमला परियार, खुस्बु वि.क, तिल कुमारी खासु र सल्लाहकारमा कमला गुरुङ रहेकी छिन्।

उक्त भेलाले हर्क बहादुर वि.क अध्यक्ष र कमल शर्मा सचिव रहने गरि १६ सदस्य एरिया समिति समेत गठन गरेको छ। कार्यक्रममा प्रमुख अतिथि परियार, अतिथिद्वय मेनुका बराल, पदम केसी लगायतले मन्तव्य राखेका थिए।

## Kuwait मा वैदेशिक रोजगारको अवसर

कम्पनीः GEMMAYZE COMPANY FOR RESTAURANT MANAGEMENT शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०८/०१ चलानी नं.: ६०२१०१५२ LT. No.:. 295042 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Restaurant Worker/kitchen Tools) | 9 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४३,०२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter/waitress (Service Provider) | 7 | 5 | | 100 | ४३,०२६ | | | | | | | |
| 3. | Cook (Asst.chef/commi, Baker/pastry/ Chef/prepaper | 14 | 0 | | 125 | ४३,०२६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १४ गते (26 February 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्होने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्योहोर्ने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Reva Overseas Pvt. Ltd.
Sinamangal -9, Kathmandu, Phone : 4591430
Mobile: 9851119680, 9841308023, 9803565981
E-mail : info@revaoverseas.com.np, Web.: www.revaoverseas.com.np
Govt Lic. NO. 1070/073/074

## युएईमा रोजगार

कम्पनीः Profile recruitment-sole proprietorship LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०८/०२ चलानी नं.: ६०२१०१८९ L.T. No.:295124 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laborer | 61 | 0 | स. काममा दक्ष | 800 | २८,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

